नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौ ।

फोन नं. ४२००३०९
४२००४८२
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com

प.सं.:-२०७६/७७
च.नं.:- ११२

मितिः २०७६/०६/०५

**विषयः आदेशको कार्यान्वयन गर्ने सम्बन्धमा ।**

श्री स्थानीय तहहरु,
(काठमाण्डौं उपत्यका भित्रका सबै)

प्रस्तुत विषयमा रिट निवेदक अधिवक्ता प्रकाशमणी शर्मा विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको २०६७ सालको रिट नं. १००२ को परमादेशको मुद्दामा सम्मानित सर्वोच्च अदालतको संयूक्त इजलासबाट मिति २०७६/०४/२० मा भएको आदेश कार्यान्वयन सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०७६/०५/०८ च.नं. फै.का./७१२/११२९ को पत्रको सन्दर्भमा प्रस्तुत पत्र प्रेषित गरिएको छ ।

नेपालको संविधान अनुसार सबै स्थानीय तहको पुनःसंरचना पश्चात स्थानीय तहमा नदीहरु र अन्य सार्वजनिक क्षेत्रको सरसफाई गर्ने कार्य नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुरुप स्थानीय तहको क्षेत्राधिकार भित्र समावेश गरिएको सन्दर्भमा उक्त कृयाकलापहरुको लागि स्थानीय तहको महत्वपूर्ण भूमीका रहेको हुन्छ । तसर्थ उक्त विषयमा सम्मानित सर्वोच्च अदालतको मिति २०७६/०४/२० मा भएको आदेश (पाना ६) साथै राखी स्थानीय तहसंग सम्बन्धित विषयको कार्यान्वयनको लागि तथा सोको जानकारी यस मन्त्रालयमा समेत गराउन हुनको लागि आदेशानुसार अनुरोध गरिन्छ ।

(रीनु थपलिया)
शाखा अधिकृत

बोधार्थ
श्री सर्वोच्च अदालत, रामशाह पथ, काठमाण्डौं ।
श्री महान्यधिवक्ताको कार्यालय, सिंहदरबार, काठमाण्डौं ।
श्री सूचना तथा प्रविधी शाखा, (पत्र वेभसाईटमा अपलोड गरिदिनु हुन)

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कानून तथा फैसला कार्यान्वयन महाशाखा

२०७६/०७७
फै.का./७१२/११२९

सिंहदरबार, काठमाडौं
नेपाल ।
मिति २०७६।०५।१८

पत्र संख्या :-
च.नं. :-

सूचना तथा प्रविधि शाखा
दर्ता नं. १००
मिति २०७६।६।८

विषय: आदेश कार्यान्वयन तथा प्रतिवेदन पेश गर्ने सम्बन्धमा ।

श्री सहरी बिकास मन्त्रालय, सिंहदरबार ।
श्री संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।
श्री वन तथा वातावरण मन्त्रालय, सिंहदरवार ।
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ ।
श्री प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, काठमाण्डौं ।
श्री प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, ललितपुर ।
श्री प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, भक्तपुर ।
श्री काठमाण्डौं महानगरपालिका, काठमाण्डौं ।
श्री ललितपुर महानगरपालिका, ललितपुर ।
श्री मध्यपुर थिमी नगरपालिका, भक्तपुर ।
श्री भक्तपुर नगरपालिका, भक्तपुर।
श्री अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत बिकास समिति, गुहेश्वरी फाँट ।

उपर्युक्त विषयमा रिट निबेदक अधिवक्ता प्रकाशमणि शर्मा विपक्षी यस कार्यालय समेत भएको २०६७ सालको रिट नं १००२ को परमादेशको मुद्दामा सम्मानित सर्वोच्च अदालतको संयुक्त इजलासबाट मिति २०७६।०४।२० मा बागमती र यसका सहायक नदीनाला लगायत काठमाण्डौं, ललितपुर, भक्तपुर र मध्यपुर ठिमी समेतका नगरहरु भित्रका नदी जल प्रवाहमा पर्ने असर सम्बन्धमा कार्ययोजना निर्माण गर्नु, नदी किनारका दुवै क्षेत्रमा अर्को २० मी. तटीय क्षेत्र कायम गरी सिमाङ्कन गर्नु, बागमती सभ्यताको संरक्षणको लागि ऐन तर्जुमा गर्नु, २०२१/२२ सालको सर्भे नापीलाई आधारमानी नदीतटको अतिक्रमित जग्गा पत्ता लगाउनु, दिर्घकालिन रुपमा ढल प्रशोधन केन्द्रको योजना बनाई कार्य गर्नु, नदी, पोखरीको संरक्षण सम्बन्धमा काठमाण्डौं उपत्यकाका सबै स्थानीय तहबाट कार्य योजना लिनु, सेफ्टी ट्याङ्कीको सूनिश्चितता गरेर मात्र घरको नक्सा पास गर्ने कार्य गर्नु, काठमाण्डौको फोहोरको व्यवस्थापनका लागि कार्ययोजना बनाउनु, बागमती किनारका ऐतिहासिक सम्पदाको संरक्षण गर्नु, बागमतीको बहाव क्षेत्र कायम गर्ने तथा नदीहरुको बातावरण संरक्षण लगायतका रिट निवेदनमा उठाइएका अन्य विषयहरुमा समेत जो जससँग समन्वय गर्नु पर्छ गरी एकीकृत प्रगति प्रतिवेदन २०७६ मंसीर १३ गते अगावै पेश गर्नु भन्ने समेतको आदेश तहा प्राप्त भएकै होला ।

अतः सम्मानित सर्वोच्च अदालतको उक्त आदेशको कार्यान्वयनका सम्बन्धमा समयमै आदेश बमोजिमको कार्य सम्पन्न गरी एकीकृत प्रतिवेदन पेश गर्नु पर्ने भएकोले आदेशमा उल्लिखित तहाँ वा अन्तर्गतका निकायसंग सम्बन्धित कार्यहरु समयमै सम्पन्न गरी उल्लिखित आदेश बमोजिमको विस्तृत प्रतिवेदन र सोको कार्ययोजना मिति २०७६ असोज महिनाको पहिलो हप्ता भित्र यस कार्यालयमा उपलब्ध गराई दिनु हुन सम्मानित सर्वोच्च अदालतको मिति २०७६।४।२० को आदेश प्रति पाना -६ यसै साथ संलग्न गरी पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

(गोपाल बहादुर भट्टराई)
शाखा अधिकृत

बोधार्थ:
श्री महान्यायाधिवक्ताको कार्यालय,
सिंहदरवार, काठमाडौं ।
श्री सर्वोच्च अदालत रिट -३,
रामशाहपथ, काठमाडौं ।

श्री

# सर्वोच्च अदालत

## मुद्दा तथा रीट महाशाखा

( रिट क )

महाशाखा प्रमुख (फो.) ०१-४२६२४९०
फ्याक्स: ०१-४२६२८७८,
४२६२३९८, ४२६२३९७, ४२६२८९१
Website: www.supremecourt.gov.np
Email:mudda.mahasakha@supremecourt.gov.np

मितिः २०७६/०४/२८

च. नं.: १३८६६२

मुद्दा नं.: ०६७-WO-१००२

सर्वोच्च अदालत काठमाडौं

विषयः-, एकीकृत प्रगति प्रतिवेदन पठाई दिनुहुन ।

श्री प्रधान मन्त्री तथा मन्त्री परिषदको कार्यालय सिंहदरबार, काठमाण्डौ

उपरोक्त सम्वन्धमा रिट/निवेदक जनहित संरक्षण मञ्च प्रो पब्लिकका तर्फबाट समेत अधिवक्ता प्रकाशमणी शर्मा समेत र विपक्षी/प्रत्यर्थी प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सिंहदरबार, काठमाण्डौ समेत भएको उत्प्रेषण/परमादेश विषयको रिट निवेदनमा यस अदालतको मिति २०७६/०४/२० गतेमा भएको आदेशानुसार पत्र लेखिएको छ । अतः- यस अदालतबाट मिति २०७६/०४/२० मा भएको आदेशको प्रतिलिपी यसै साथ राखी पठाएको छ । आदेशानुसार सम्वन्धित मन्त्रालय, विभाग, समिति र स्थानिय तहहरुसँग पत्राचार, समन्वय समेतको कार्य गरी ***एकीकृत प्रगति प्रतिवेदन २०७६ मंसिर १३ गते अगावै*** यस अदालतमा पठाई दिनुहुन अनुरोध गरिन्छ ।

..................................
भीमराज घिमिरे
रिट ३

..................................
ईन्द्रवहादुर कार्की
शाखा प्रमुख

सर्वोच्च अदालत, संयुक्त इजलास

मानतीय न्यायाधीश डा.श्री आनन्दमोहन भट्टराई

मानतीय न्यायाधीश श्री सपना प्रधान मल्ल

आदेश

०६७-WO-१००२

जनहित संरक्षण मञ्च प्रो पब्लिकका तर्फबाट समेत अधिवक्ता प्रकाशमणी शर्मा समेत ---------------------------------------------------------------------१ निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार काठमाण्डौसमेत ----------१ विपक्षी

मुद्दाः- परमादेश।

यसमा आज पेश हुन आएको प्रस्तुत रिट निवेदनमा यस इजलासबाट मिति २०७५।३।३ मा भएको आदेश बमोजिम नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको तर्फबाट महान्यायाधिवक्ताको कार्यालय मार्फत पेश हुन आएको प्रतिवेदनको अध्ययन गरियो।

छलफलमा निवेदक वरिष्ठ अधिवक्ता श्री प्रकाशमणी शर्मा एवम् उहाँको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री दिनेश त्रिपाठी तथा नेपाल सरकारको तर्फबाट विद्वान महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेल तथा विद्वान नायब महान्यायाधिवक्ता श्री पद्मप्रसाद पाण्डे, काठमाण्डौं महानगरपालिकाको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री दामोदर खड्का, ललितपुर महानगरपालिकाको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री रमेश कुमार रोक्काले गर्नुभएको बहस सुनियो। साथै पूर्व आदेश बमोजिम उपस्थित संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव श्री यादवप्रसाद कोइराला, शहरी विकास मन्त्रालयका सचिव श्री मधुसुदन अधिकारी, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव श्री

डिल्लीराज घिमिरे, अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका सदस्य सचिव श्री आशिष घिमिरे, काठमाण्डौं महानगरपालिकाको वातावरण विभागका प्रमुख श्री हरिकुमार श्रेष्ठ, ललितपुर महानगरपालिकाका वातावरण इन्जिनियर श्री प्रदिप अमात्यले छलफलमा सहभागी भई आ-आफ्नो कार्य क्षेत्रसँग सम्बन्धित विषयमा प्रकाश पार्नुभयो।

पेश हुन आएको प्रतिवेदन हेर्दा यस अदालतको उक्त मिति २०७५।३।३ को आदेशमा औंल्याइएका बागमतीका सहायक नदीहरुको बहाव र तटीय क्षेत्रको संरक्षण सम्बन्धमा, फोहर मैला विसर्जन रोक्ने सम्बन्धमा, नदी किनाराबाट बालुवा झिक्ने लगायतका अनाधिकृत कृयाकलाप रोक्ने सम्बन्धमा, सरकारी सार्वजनिक जग्गाको संरक्षण सम्बन्धमा, बागमती कार्ययोजनाको सम्बन्धमा, बागमती सफाई अभियान, हरियाली प्रवर्द्धन सम्बन्धमा र मेलम्ची खानेपानी आयोजनाबाट पार्ने प्रभाव सम्बन्धमा समेत हालसम्म गरिएका कार्यहरु र प्राप्त उपलब्धीहरु बारे एकीकृत र व्यवस्थित रुपमा प्रगति विवरण पेश हुन आएको पाइयो।

निवेदन र बहसको माध्यमबाट यस अदालतलाई घचघच्याइ रहनुहुने निवेदक वरिष्ठ अधिवक्ता श्री प्रकाशमणि शर्मा तथा यस अदालतको पूर्व आदेश अनुरुपको कार्य प्रगतिको लागि सम्बन्धित सरोकारवालाहरुसँग छलफल, सहजीकरण तथा संयोजन गर्नुभएकोमा महान्यायाधिवक्ताज्यू तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिवज्यूको इजलास सराहना गर्दछ।

हालसम्म प्राप्त उपलब्धीलाई मध्यनजर गर्दा बागमती नदी र यसका सहायक नदीहरु सहितको बागमती सभ्यताको संरक्षणमा अझै धेरै कार्यहरु गर्न बाँकी देखियो। कतिपय अवस्थामा आवश्यक सूचनाहरु समेत उपलब्ध हुन नसकेको पाइँदा प्राप्त प्रतिवेदनहरुमा आज भएको छलफल समेतको आधारमा प्रस्तुत रिट निवेदनलाई हेर्दाहेर्दैमा राखी देहाय बमोजिमको आदेश जारी गरिएको छः

(१) छलफलको क्रममा बागमती सभ्यता, सम्पदा र समस्त काठमाण्डौको वातावरणसँग सम्बन्धित विषयमा जिम्मेवार निकाय र सरोकारवालाहरुको दृष्टिकोण समेतलाई मध्यनजर गर्दा बागमती र यसका सहायक तथा उपसहायक नदीहरुको संरक्षणमा अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले हालसम्म गरिआएका कार्यहरुबारे सकारात्मक सोच र सराहना रहेको पाइयो। प्रतिवेदन हेर्दा समितिले तटबन्ध र ढल निर्माणमा राम्रो प्रगति गरेको पनि देखियो। काठमाण्डौं उपत्यकाभित्र पर्ने १८ वटा

नगरपालिका र गाउँपालिकाको राजनीतिक विभाजन, वागमती र यसको सहायक तथा उपसहायक नदीहरुको जलाधार क्षेत्र, फैलावट र प्रवाहलाई समेत हेर्दा नदीको संरक्षण गर्ने वहावक्षेत्र तथा तटीय क्षेत्रको सीमा निर्धारण तथा संरक्षणको कार्य सोही समितिमार्फत गर्नु गराउनु उपयुक्त देखियो। तसर्थ सो समितिले वि.स. २०२०-२०३० को तयारीको लागि पेश गरेको प्रस्तावको कार्यान्वयन गरी उपत्यकाका समस्त नदी प्रणालीहरुलाई समेटी कार्य निर्णय र योजना निर्माणको लागि सो समितिलाई नीतिगत, आर्थिक र प्राविधिक रुपमा आवश्यक निर्णय र सहयोग उपलब्ध गराई प्रतिवेदनमा उल्लेख भएको अवधिभित्र कार्ययोजना निर्माण गर्ने। सो गर्दा हालसम्म समाप्त भएका कार्यहरुको गुणस्तरको समीक्षा, अनुभव समेत लिई बनिसकेका संरचनाहरुको गुणस्तर कायम गर्ने र आवश्यकता अनुसार सुधार गर्ने कार्यलाई पनि कार्य योजनामा समावेश गर्ने।

(२) हाल वहाव क्षेत्र कायम भैसकेका वागमती लगायतका सबै सहायक नदीहरुको हकमा वर्षादमा हुने बाढी समेतलाई मध्यनजर गर्दै नदीको दुवै किनारामा कम्तिमा अर्को २० मिटरका दरले तटीय क्षेत्र कायम गरी सीमाङ्कन गर्ने। बहाव र तटीय क्षेत्र कायम हुन बाँकी सहायक र उपसहायक नदीहरुको हकमा वहाव र तटीय क्षेत्र समेतको सीमाङ्कन गर्ने। हाल शहरीकरण भई नसकेका र खुल्ला कायम रहेका तटीय क्षेत्रमा संरक्षणका निम्ति निर्माण गरिने तटबन्ध, ढल वा बाढो बाहेक हाल विद्यमान भू-उपयोगलाई परिवर्तन गर्ने गरी अरु स्थायी संरचना निर्माण नगर्ने। कुनै पनि स्थायी संरचनाको निर्माण पूर्व, संरक्षणको कार्ययोजना प्रतिकूल हुँदैन भन्ने कुरा यकीन गरेर मात्र वागमती सभ्यता एकीकृत विकास समितिले स्वीकृति र सहमती दिने व्यवस्था गर्ने। यस आदेशको कार्यान्वयनको लागि सम्बन्धित सबै स्थानीय तहहरुलाई जानकारी दिने।

(३) नीतिगत तहमा बागमती सभ्यताको संरक्षणलाई राष्ट्रिय योजना आयोगसँग आबद्ध गर्ने प्रयास भएको पाइयो। साथै बागमती सभ्यता ऐनको मस्यौदा तयार गर्नेतर्फ प्रयास भएको पनि देखियो। कानूनी संरचना निर्माण हुन सकेमा सम्बन्धित सरोकारवालाहरु अधिकार र कर्तव्यको दोहोरो सम्बन्धमा बाधिने हुँदा ऐन तर्जुमा गरी संसदमा पेश गर्ने कार्यलाई उच्च प्राथमिकता दिई कार्य गर्ने।

(४) नदी अतिक्रमण र अनाधिकृत बसोबासको कारण कतिपय क्षेत्रमा कार्य सम्पन्न गर्न बाधा परेको देखियो। तर अझै पनि अतिक्रमणको खास तथ्याङ्क आउन सकेन। सो

सन्दर्भमा बागमती नदी र यसका सहायक नदीको तीरमा रहेको सार्वजनिक जग्गा अतिक्रमण गरी बसेका नेपाल राज्यभित्र अन्यत्र घर जग्गा बसोबास नभएका वास्तविक सुकुम्बासीहरुको तथ्याङ्क लिई उनीहरुको लागि प्रस्ताव गरिएको इचंगु नारायण जग्गा एकीकरण आयोजना जस्ता आयोजना पहिचान गरी प्रथम चरणमा नदी किनारामा निर्माण हुन लागेको सडक ओगटी बसेका तथा सडक र नदी बीचमा बनेका घर टहराहरु हटाई उनीहरुको सरोकारलाई समेत सम्बोधन गर्दै स्थानान्तरण गर्ने कार्य सम्पन्न गर्ने गराउने। नदी तटको अतिक्रमित जग्गा पत्ता लगाउन सबै नदीको बहाव र तटीय क्षेत्रमा २०२१/२२ सालको सर्वे नक्सालाई आधार मान्ने।

(५) बागमती र सहायक नदीहरुको जल प्रवाहमा वृद्धि नगरेसम्म प्रदूषण नियन्त्रण गर्न कठिनाई हुन्छ। यस कुरालाई दृष्टिगत गर्दै मेलम्ची खानेपानी आयोजनाले पार्ने प्रभावको विषयमा सो आयोजनाको तीन चरणको कार्य सम्पन्न भई काठमाण्डौ उपत्यकामा वितरित खानेपानीको ८० प्रतिशत फोहर पानीको रुपमा नदी प्रणालीमा मिसिने कुरालाई दृष्टिगत गरी उपत्यकाको विभिन्न सात स्थानमा फोहर पानी प्रशोधन केन्द्रहरुको निर्माण हुन लागेको भन्ने जानकारी प्राप्त हुन आयो। वितरण भएको खाने पानी प्रयोगपश्चात फोहर पानीको रुपमा विद्यमान ढल प्रणालीमा नै मिसिने गरेको हालको अवस्था र बढ्दो शहरीकरण समेतको सन्दर्भमा सो प्रशोधन केन्द्रहरु अपर्याप्त हुने हुँदा दीर्घकालीन रुपमा नै योजना बन्नु आवश्यक देखियो। साथै हाल खसिरहेको ढलहरुमा प्राथमिकताका साथ प्रशोधन केन्द्रहरु निर्माण गरी सिधै ढल खस्ने कार्य रोक्नु अपरिहार्य देखियो। तसर्थ सो विषयमा काठमाण्डौ खानेपानी बोर्डबाट तत्काल गर्नुपर्ने र दीर्घकालमा गर्नु पर्ने योजना सहितको प्रतिवेदन पेश गर्न लगाउने।

(६) नदीहरुमा जलप्रवाह बृद्धि गराउने सन्दर्भमा बागमतीको सिरानमा धाप क्षेत्रमा बाँध निर्माण भै रहेको र नागमती बाधको विस्तृत इन्जिनियरिङ प्रतिवेदन तयार गर्ने कार्य सम्पन्न भएको भन्ने उल्लेख भएको पाइयो। यी दुई आयोजनाहरु सम्पन्न हुँदा जल प्रवाहमा केही बृद्धि हुने भन्ने कुरा पनि प्रक्षेपण गरेको पाइयो। बागमतीको साथै अन्य सहायक नदीहरुमा सम्भाव्य क्षेत्रमा बाँध बाँधी वर्षातको जल संग्रह गर्ने, काठमाण्डौ उपत्यका भित्रका पोखरीहरुको संरक्षण, पुनरुद्धार र जीर्णोद्धार समेतका कार्य गरेमा भूमिगत जलको सतह बृद्धि हुने र अन्ततः नदी प्रणालीको जल प्रवाहमा समेत बृद्धि हुने हुँदा सो सन्दर्भमा कुन कुन

नदीमा कहाँ बाँध बाँध्न सम्भव छ, कुन कुन नगरपालिका भित्र के कति र कुन क्षेत्रफलका पोखरी छन् तिनीहरुको संरक्षणमा हाल भईरहेका कार्यहरु र भविष्यको योजना सहितको प्रतिवेदन सबै स्थानीय तहहरुबाट लिने।

(७) छलफलको क्रममा बर्षातको पानी ढल प्रणालीमा मिसिदा पानीको प्रशोधनको लागत बढ्न जाने कुरा पनि उठ्यो। बर्षातको पानी सार्वजनिक पोखरीमा संचय गर्ने, त्यसै गरी सार्वजनिक वा सरकारी निकाय, सेना प्रहरी समेतले ओगटेका खुला क्षेत्र र सडकको किनारामा आवश्यक मात्रामा सकपिट निर्माण गरेमा भूमिगत जलको सतह बढ्न जाने हुँदा सो बारेमा योजना सहितको प्रतिवेदन खानेपानी मन्त्रालयसमेत को-कसबाट लिनु उपयुक्त हुन्छ तहाँबाट नै लिने।

(८) सबै स्थानीय तहहरुले अब नक्सा पास गर्दा बर्षातको पानी संचय, उपयोग र भूसतहमा पठाउने व्यवस्था गरिने र सेफ्टी ट्याङ्की बिना निर्माण भएका घरहरुको पहिचान गरी ढल निकासको उपाय पहिल्याउने, घरमा सेफ्टी ट्याङ्की निर्माण गरिने कुरालाई सुनिश्चित गरेर मात्र नक्सा पास गर्ने कार्यलाई अनिवार्य गर्ने।

(९) नगरभित्रको ढल तथा फोहरमैलाको व्यवस्थापनको कार्य व्यवस्थित हुन नसक्दा नदी प्रणालीमा चाप परेको पाइयो। सो चापलाई कम गर्न सबै स्थानीय तहहरुले एक आपसमा उचित समन्वय गरी योजनाबद्ध रुपमा अघि बढ्न आवश्यक देखियो। फोहर व्यवस्थापनसँगै फोहर फल्न रोक्ने बारे जनचेतना एवम् फोहर फालेमा कारवाही हुने जानकारी दिनुपर्ने देखियो। फोहरहरुमध्ये औद्योगिक फोहर, अस्पतालजन्य फोहर र विषादी फोहरको व्यवस्थापनमा कुनै कार्य हुन सकेको पाइएन। तसर्थ यो सम्बन्धमा कार्य योजना सहितको प्रतिवेदन सबै स्थानीय तहबाट लिने।

(१०) बागमती र यसका सहायक नदीका किनारामा विभिन्न ऐतिहासिक र पुरातात्विक सम्पदाहरु रहेको सन्दर्भमा बागमती क्षेत्रमा ढल, चेक ड्याम, सडक, पार्क आदि निर्माण गर्दा ती सम्पदाहरुको पनि संरक्षण हुनुपर्ने हुन्छ। तसर्थ सम्पदा संरक्षणको सन्दर्भमा योजना सहितको प्रतिवेदन गुठी संस्थान, पुरातत्व विभाग समेतबाट लिने ।

(११) भक्तपुर नगरपालिकाले कुनै प्रतिवेदन पेश नगरेको हुँदा नदी संरक्षण, फोहर व्यवस्थापन र प्रदूषण नियन्त्रणमा भएको कार्य र योजना सहितको प्रतिवेदन लिई छलफलमा पुनः उपस्थितिको लागि जनाउ दिने।

(१२) बागमतीको बहाव क्षेत्र कायम गर्ने भन्ने विषयमा मन्त्रिपरिषदबाट २०४५ सालमा निर्णय भएको भन्ने कुरा छलफलको क्रममा उठेकोले सो सम्बन्धी निर्णयको प्रतिलिपि झिकाउने।

उपर्युक्त विषयहरुमा सम्बन्धित मन्त्रालय, विभाग, समिति र स्थानीय तहहरुसँग पत्राचार, समन्वय समेतको कार्य महान्यायाधिवक्ताको कार्यालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट गरी एकीकृत प्रगति प्रतिवेदन मंसीर १३ गते अगावै पेश गर्नु भनी उक्त दुई कार्यालयलाई लेखी पठाउनू। मिति २०७६।०८।१५ गते पेशी तोकी पेशीको दिन छलफलको लागि उपस्थित हुनु भनी महान्यायाधिवक्ता, मन्त्रालयहरुको हकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, शहरी विकास मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव, अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका सदस्य सचिव, काठमाण्डौं महानगरपालिका, ललितपुर महानगरपालिका, भक्तपुर नगरपालिका र मध्यपुर थिमी नगरपालिकाको हकमा प्रमुख कार्यकारी अधिकृत र आयोजनाहरुको हकमा योजना प्रमुखहरुलाई लेखी प्रस्तुत रिट निवेदन र यसै लगाउका ०६८-MS-०००२ र ०६८-WO-००७४ का रिट निवेदनहरु समेतलाई हेर्दाहेर्दैमा राखिएको हुँदा मिति २०७६।०८।१५ गते यसै इजलासमा नियमानुसार पेश गर्नू।

न्यायाधीश                                        न्यायाधीश

ईति सम्बत् २०७६ साल श्रावण २० गते रोज २ शुभम् ..................................।